आज मिति २०७७/०३/३० गते मंगलबारका दिन कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूट बहादुर रावत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपशिलको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूट बहादुर रावत | प्रमुख | |
| २. | सन्जु कुमारी चौधरी | उपप्रमुख | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | रामशरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २५. | बिरेन्द्रदेव भारती | स. सचिव | |
| २६. | सुदिप सिंह सुनार | लेखा अधिकृत | |
| २७. | बालकृष्ण महतारा | इन्जिनियर | |

२८ बीर बहादुर वि.के. अधिकृत छैठौं

२९. हेमराज खगी का.प्र.

## प्रस्ताव तथा निर्णय

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

### निर्णय नं. ०१

प्रस्ताव नं.०१ मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं. ११ स्थित गोलपार्कमा निर्माणाधिन भ्युटावर तथा घण्टाघर निर्माण कार्यका लागि नगर विकास समितिबाट हुने लागत साझेदारी तर्फ यस नगरपालिकामा निकासा हुनुपर्ने रकम रु.४,००,००,०००।-(अक्षेरुपी चार करोड मात्र) नगर विकास समितिसँग माग गर्ने निर्णय गरियो ।

### निर्णय नं. ०२

प्रस्ताव नं.०२ मा छलफल यस कोहलपुर नगरपालिकालाई चालु आ.व. २०७६/०७७ मा सर्शत अनुदान(संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम) तर्फ स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्र निर्माण तथा संचालनको लागि रु.२,१४,८८,०००।- (अक्षेरुपी दुई करोड चौध लाख अठ्ठासी हजार) बजेट प्राप्त भएको र उक्त बजेट विविध कारणवस वढि खर्च लेखि योजनाको भुक्तानी भएको हुंदा र चालु आ.व.मा यस कार्यका लागि थप बजेट प्राप्त नहुने भएकाले आगामी आ.व.मा यस नगरपालिकालाई प्राप्त हुने बजेटवाट समायोजन हुने गरि संघीय सरकार विशेष अनुदान तर्फ खर्च नहुने सरस्वती मा.वि.को भवन निर्माण शिर्षकवाट खर्च लेखि हिसाव मिलान गर्ने निर्णय गरियो ।

### निर्णय नं. ०३

प्रस्ताव नं.०३ मा छलफल गर्दा वडाको प्रोफायल तयार गर्नका लागि प्रत्येक वडावाट २ जना शिक्षकलाई आवश्यक पर्ने सेवा सुविधा सहित वडा प्रोफायल निर्माणको लागि आवश्यक पर्ने तथ्याङ्क संकलनको कामको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

### निर्णय नं. ०४

प्रस्ताव नं.०४ मा छलफल गर्दा साविक रझेना गा.वि.स. वडा नं.०३ 'ख' (हाँल कोहलपुर नगरपालिका-०४,बाँके) को कि.न. ७६, ७७, ७८ र ७९ को सार्वजनिक जग्गाको दर्ता सम्बन्धमा सम्बन्धित निकायले सो कार्यको सम्बन्धमा थालेका छानविन प्रक्रिया तथा नगरपालिकामा रहेका राजनितिक दलका प्रतिनिधिहरुले गरेको निर्णय वमोजिम आवश्यक छानविन सहित उपयुक्त निर्णय लिई नगरपालिकाको मातहतमा ल्याउनका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

निर्णय नं. ०५

प्रस्ताव नं.०५ मा छलफल गर्दा चालु आ.व.मा सर्शत अनुदान वापत यस नगरपालिकामा प्राप्त भएको निशुल्क पाठ्यपुस्तक सहयोग कार्यक्रम अर्न्तगत प्राप्त भएको बजेट अपुग भएकाले सर्शत तर्फको शैक्षिक पहुंच सुनिश्चितता कार्यक्रमको बजेट रकमान्तरण गरी पाठ्य पुस्तक खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ०६

प्रस्ताव नं.०६ मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं.०९ मा रहेको फोहोरमैला प्रशोधन केन्द्रमा जाने वाटोमा ग्राभेल तथा मर्मत संभारको कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ०७

प्रस्ताव नं.०७ मा छलफल गर्दा वडा नं.०५ का वडा सदस्य तथा नगर न्यायिक समितिका सदस्य शंकर खडकालाई मुटुरोगको उपचारमा लागेको खर्च वापत रु.५०,०००।-(अक्षेरुपी पचास हजार मात्र) चालु तथा प्रशासनीक तर्फको अन्य सामाजिक सहायता शिर्षकवाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो ।